# 11 फेब्रुअरी, 2006 वा सो पश्चात मृत्यु हुने व्यक्तिको साना सम्पतिसम्बन्धी पुष्टिकरण सूचनाको लागि कसरी आवेदन दिने




गृह मामिला विभाग

अप्रिल 1, 2007 बाट लागु हुने सूचना

# 11 फेब्रुअरी, 2006 वा सो पश्चात मृत्यु हुने व्यक्तिको साना सम्पतिसम्बन्धी पुष्टिकरण सूचनाको लागि कसरी आवेदन दिने

## परिचय

साना सम्पतिसम्बन्धी पुष्टिकरण सूचनाको आवेदन गृह मामिला सचिवद्वारा प्रत्यायोजित अधिकारी अन्तर्गत गृह मामिलाका निर्देशकले जारी गर्न सक्नेछन् । यस पुष्टिकरण सूचनाले यस सूचनामा संलग्न तोकिएको खण्डमा मृतकको सम्पतिको व्यवस्थापन सम्बद्ध मध्यवर्ती प्रावधानद्वारा मुक्त गरिनेछ भन्ने प्रमाणित गर्दछ । हङ्कङको कानूनको इच्छापत्र तथा व्यवस्था अध्यादेशको खण्ड 60K, अध्याय 10 सान्दर्भिक छ ।

## पुष्टिकरण सूचनाको लागि आवेदन

पुष्टिकरण सूचनाले कार्यकारी वा प्राथमिक रुपमा तोकिएको व्यक्तिलाई 11 फेब्रुअरी 2006 वा सो पछि मृत्यु हुने व्यक्तिको साना घर जग्गाको व्यवस्थापन गर्न सक्षम तुल्याउने छ ।

पुष्टिकरण सूचना जारी गर्न योग्य हुन[1] हङ्कङमा मृत्युको मितिमा मृतकसँग भएको सम्पूर्ण सम्पति समग्रमा नबढी $50,000 पैसाको हुनुपर्दछ । मृतकले पनि कुनै पनि सम्पत्ति ट्रस्टीको रूपमा वा Tso वा Tong को व्यवस्थापकको रूपमा राखेका थिएनन् ।

•आवेदक मृतकको कार्यकारी प्रतिनिधी हुनुपर्छ वा प्राथमिकताका साथ सम्पति सम्हाल्न अधिकार प्राप्त व्यक्ति हुनुपर्दछ ।

•आवेदन HAEU5, HAEU5-A , HAEU5-S फारमहरुमा बनाइनु पर्दछ । फारमका प्रतिहरू गृह मामिला विभागको सम्पति लाभार्थी सहायता एकाइबाट उपलब्ध छन् । (सम्पर्क विवरणको लागि कृपया तल यस खण्डको **सोधपुछ** मा हेर्नुहोस् ।) अथवा फारमहरू तलका वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ : http://www.had.gov.hk/estates

•फारम HAEU5-S मृतकको मृत्युको समयमा स्वामित्वमा रहेका सबै सम्पत्तिको सबैको तालिका मिलाउनको लागि हो । बैंक (हरू) द्वारा पछिको प्रकृयामा मद्दत पुऱ्याउन बैंक खाता (हरू) को नाम, खाता नम्बर (हरू), नगद रकम (हरू) सहित बैंक खाताहरूको विवरण प्रदान गर्नुपर्नेछ । सबै खाताहरू मृतक व्यक्तिको एकमात्र नाममा हुनुपर्दछ ।

. निवेदन जाँच गरिसकेपछि आवेदकलाई शपथ पत्र तथा शपथपत्रमा देखाईएको तथ्यको सत्यता बारे सपथ लिन / सुनिश्चित गर्न सोधिनेछ ।

*1 यदि हङ्कङमा मृत्युको मितिमा मृतक व्यक्तिसँग पैसा नभएर अन्य सम्पत्तीहरू (जस्तै धितो, व्यवसाय, जग्गा जमिन, मोटर गाडी, सुरक्षित जम्मा बक्स, गहनाहरू) अनिवार्य संचय कोष, बीमा नीति), वा ऋण (जस्तै कर दायित्व, बैंक ऋण* ओभरड्राफ्ट, क्रेडिट कार्ड ऋण ) भएको भए यो पुष्टिकरण सूचना लागू हुने छैन ।

## सहायक कागजातहरू

पुष्टिकरण सूचनाको आवेदनका लागि निम्न कागजातहरू (मुख्य र प्रतिलिपीहरु) आवश्यक छन् –

(a) मृतक व्यक्तिको परिचय पत्र / राहदानी,

(b) मृतक व्यक्तिको मृत्यु प्रमाणपत्र,

(c) आवेदकको परिचयपत्र / राहदानी,

(d) यदि छ भने मृतक व्यक्तिको अन्तिम इच्छा,

(e) यदि आवेदक मृतक व्यक्तिको कार्यवाहक प्रतिनिधी नभएमा विवाह वा जन्म दर्ता प्रमाणपत्र जस्ता मृतक , आवेदकबीचको सम्बन्ध प्रष्ट्याउने कुनै पनि कागजात (हरू),

(f) लागु हुने भएमा सम्पति सम्हाल्न उच्च प्राथमिकतासहित कानूनी अधिकार दिईएको व्यक्ति (हरू) द्वारा हस्ताक्षर गरिएको त्याग पत्र (हरू),

(g) लागु हुने भएमा सम्पतिको प्रबन्ध गर्न उच्च प्राथमिकतामा कानूनी अधिकार दिईएको व्यक्ति (हरू)को मृत्यु प्रमाणपत्र (हरू),

(h) लागु हुने भएमा (f) र / वा (g) अन्तर्गत नाआपतकालीनम रहेका व्यक्ति (हरु), मृतकको सम्बन्ध प्रष्ट्याउने कुनै कागजात (हरू), र

(i) मृतक व्यक्तिको मृत्युको मितिमा बैंक खाताको ब्यालेन्स देखाउने मृतक व्यक्तिको सबै बैंक खाता (हरू) को सम्बन्धमा मुद्रति जम्मा रसीद / बैंक स्टेटमेन्ट (हरू) / बैंक पासबुक (हरू), मृत्यु अघिका अन्तिम तीन महिनाका माथिका सबै ।

आवेदनको स्वीकृति हुँदा पुष्टिकरण सूचना र यससाथ संलग्न गरिएको कागजातसहितको प्रतिलिपी आवेदकलाई जारी गरिनेछ ।

## पुष्टिकरण सूचनाको रद्द

यदि आवेदकले शपथपत्र र / वा संलग्न कागजातमा प्रदान गरिएका सूचना पछि गलत फेला पारेमा (उदाहरणका लागि कागजातमा सम्पति छुटाईएको, घोषणा गरिएको नगद रकम गलत भएको, मृतकको सम्पत्ति ट्रस्टीको रूपमा रहेको वा Tso वा Tong को प्रबन्धक रहेको) आवेदकले गृह मामिलाका निर्देशकलाई जानकारी गराउनु पर्दछ, यदि पुष्टिकरण सूचना जारि भईसकेको भए यसलाई रद्द गर्नका लागि फिर्ता गर्नु पर्दछ ।

यदिआवेदन पत्रमा कुनै गल्ती भेटिएमा गृह मामिला निर्देशकले पनि पुष्टिकरण सूचना रद्दको लागि आवेदकलाई सूचित गर्न सक्दछन् । आवेदकले सकेसम्म चाँडो पुष्टिकरण सूचना फिर्ता गर्नुपर्नेछ अन्यथा ऊ / उनले अपराध गरेको ठहर्छ र उसले / उनले स्तर 1 को (हाल $ 2,000) जरिवानाको भागिदार बन्नुपर्नेछ ।

यदि हङ्कङ्मा मृत्यु भएको मितिमा मृतक व्यक्तिको स्वामित्वमा रहेको सम्पूर्ण सम्पतिहरूको मूल्य समग्रमा $50,000 पैसा भन्दा कम भएमा र मृतकले ट्रस्टी वा Tso वा Tong को प्रबन्धकको रूपमा कुनै सम्पति स्वामित्वमा नलिएको भएमा आवेदकले नयाँ पुष्टिकरण सूचनाको लागि आवेदन दिन सक्दछन्।

## महत्त्वपूर्ण नोटहरू

पुष्टिकरण सूचना प्रतिनिधित्व आदेशको लागि प्रतिस्थापन होईन । सम्पति सम्हाल्न प्राथमिकतासहितको अधिकार प्राप्त व्यक्ति वा कार्यकारी प्रतिनिधीको पुष्टिकरण सूचनामा संलग्न गरिएको कागजातमा उल्लिखित बैंक खाता (हरू) मा पैसा हाल्ने वा नहाल्ने भन्ने निर्णय अदालतको आदेश बेगर नै बैंकले आफ्नो विवेकको प्रयोग गर्न सक्छ ।

भुक्तानी प्राप्त गर्ने सम्पति सम्हाल्न प्राथमिकतासहितको अधिकार प्राप्त व्यक्ति वा कार्यकारी प्रतिनिधी पैसा सम्हाल्न कानूनी रुपमा बाध्य हुन्छ ।

## सोधपुछहरू

11 फेब्रुअरी 2006 वा सोपश्चात मृत्यु हुने व्यक्तिको साना सम्पतिसम्बद्ध पुष्टिकरण सूचनाको आवेदनसम्बन्धी तपाईंसँग कुनै प्रश्नहरू भएमा तपाईंले गृह मामिला विभागको सम्पति लाभार्थी सहायता इकाईमा सम्पर्क गर्न सक्नुहुन्छ –


- ठेगाना: 3 औं तला, साउथर्न सेन्टर, 130, हेन्सी रोड, वान चाई, हङ्कङ
- टेलिफोन: 2835 1535
- फ्याक्स: 2122 9497
- इ-मेल: ebsu@had.gov.hk
- वेबसाइट: http://www.had.gov.hk/estates


11 फेब्रुअरी 2006 वा सोपश्चात मृत्यु हुने व्यक्तिको सम्पति प्रबन्धका लागि कृपया राजस्व विभागको इस्टेट ड्युटी कार्यालयको 2594 3240 मा सम्पर्क गर्नुहोस् ।


*गृह मामिला विभाग*

*अक्टूबर 2019*

सरकारको रसद विभागद्वारा मुद्रित